# बेलबारी नगरपालिका
BELBARI MUNICIPALITY
शिक्षा, युवा तथा खेलकूद शाखा
EDUCATION, YOUTH And SPORT SECTION
बेलबारी, मोरङ
BELBARI, MORANG
प्रदेश -१, नेपाल
(PROVIENCE - 1, NEPAL)


प.सः२०७९।८०
च.नं. १५१५

## प्रस्ताव पेशः गर्ने सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित सूचना मितिः २०७९।०८।१२
दोस्रो पटक प्रकाशित सूचना मितिः२०७९।९।१२

प्रस्तुत विषयमा बेलबारी नगरपालिकाको आ.व. २०७९।८० को शिक्षा तर्फको स्वीकृत कार्यक्रम अन्तर्गत स्थानीय विषयका लागि सन्दर्भ सामग्री लेखन कार्यका लागि बेलबारी नगरपालिकाको मिति २०७९।८।१३ गतेको निर्णयानुसार सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१ )को प्रयोजनार्थ आधारभूत तह कक्षा (१-८) को स्थानीय विषयको पाठ्यक्रम २०७७ को आधारमा कक्षा (१-३) को सन्दर्भ सामग्री लेखनका लागि इच्छुक अनुभव प्राप्त जनशक्ति भएका संघ,संस्थाहरुले तपसिलका बुँदाहरुका आधारमा आर्थिक प्रस्ताव तयार गरी सबै कागजात सिलबन्दी गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा तपसिलका कागजात संम्लग्न राखि यस नगरपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखामा पेश गर्नु हुन सूचित गरिन्छ ।

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

तपसिलः

सिलबन्दी गरि पेश गर्नु पर्ने कागजातहरु

१. आवधिक रुपमा नवीकरण भएको संस्था दर्ता प्रमाण पत्र
२. मूल्य अभिवृद्दि करमा आवद्द भएको प्रमाण पत्र
३. आ.व. २०७८/७९ को कर चुक्ता प्रमाण पत्र वा म्याद थप
४. संस्थाको आधिकारिक पत्र
५. सन्दर्भ सामग्री लेखनका लागि आर्थिक प्रस्ताव
६. संस्थाको परिचय
७. संस्था स्वीकृत भएको साल र स्थान
८. सम्बन्धित विषयको अनुभव
९. संस्थाबाट भए गरेका शिक्षा सम्बन्धि कार्यहरुः
१०.जनशक्तिको अवस्था (योग्यता,तालिम र अनुभव)

खण्ड कः आर्थिक प्रस्ताव

१. सन्दर्भ सामग्री लेखनका लागि आवश्यक शीर्षकगत बजेट (संलग्न लागत अनुमानको सापेक्षमा हुने)

खण्ड खः संस्था छनौटको न्यूनतम आधार

१. शिक्षा सम्बन्धि नै काम गर्न स्थापित भएको संस्था
२. सम्बन्धित विषयको घटिमा एक पटक कार्य गरेको अनुभव

कार्यविवरणःस्वीकृत पाठ्यक्रमको आधारमा स्थलगत निरीक्षण गरी विविध क्षेत्रगत सूचना संकलन,प्रशोधन,लेखन तथा व्यवस्थापन